# मकवानपुर जिल्ला अदालत
# हेटौंडा

email:-info.dcmakawanpur@supremecourt.gov.np
फोन नं. ०५७-५२४९७०

प.सं.-०८०/०८१
च.नं.-०१-३१५५

मितिः- २०८०/०६/१६

## सूचना !

बालन्याय सम्पादन (कार्यविधी) नियमावली, २०७६ को नियम १५ बमोजिम यस अदालतको बाल इजलासमा समाजसेवी तथा बाल मनोविज्ञको रुपमा काम गर्न इच्छुक भई नियुक्त हुन चाहने देहायको योग्यता प्राप्त व्यक्तिहरुबाट सूचना प्रकाशन भएको ३० दिन भित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**योग्यताः-**

**क. बाल मनोविज्ञ वा बाल बिशेषज्ञको लागिः-**

१. मान्यता प्राप्त बिश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सोसरहको उपाधी प्राप्त गरेको।

२. बालअधिकार वा मनोविज्ञानको सम्बन्धमा कम्तीमा दुई महिनाको तालीम प्राप्त गरेको ।

३. फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

४. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम स्थानीय बाल अधिकार समितिमा सूचिकृत भएको निस्सा ।

**ख. समाजसेवीको लागिः-**

१. मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बाल विकास वा बाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सोसरहको उपाधि प्राप्त गरेको।

२. बालअधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा एक महिनाको तालीम प्राप्त गरेको।

३. फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

४. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम स्थानीय बाल अधिकार समितिमा सूचिकृत भएको निस्सा।

CamScanner